# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल

**प्राविधिक सहायक करारमा पदपूर्ती गर्ने सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७८/०९/२९)**

प्रस्तुत विषयमा यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तीका लागि निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ५/२०७८/०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौं तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव

क. सिभिल इञ्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

ख. अनुभव र सीपःप्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सिफ भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान,सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने,आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव,पारस्परिक सम्बन्धि सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

ग. उमेरः- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थानः अर्जुनधारा नगरपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः२०७८/१०/१३ गते

४. आवेदको दस्तुरः- रु ४००/-

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुःआवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा ११,१२ र १३ बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- गाउँपालिका तथा नगरापालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोटः- आवेदनको ढाचाँ र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

९/२८

गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत

**फोन नः ०२३-४६५५०२**

**इमेलः** arjundharamun@gmail.com **वेभसाइटः** www.arjundharamun.gov.np